सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ८ ♦ अंक १३३ ♦ २०८१ साल पुस ८ गते सोमवार ♦ 23 Dec 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## जलेश्वर कारागारका थुनुवाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर कारागार मा रहेका एक थुनुवाको उपचार का क्रममा मृत्यु भएको छ । ६ महिनाअघि जिल्ला अदालत महोत्तरीले सिन्धुलीको कमलामाई नगरपालिका- ७ का ३० वर्षीय निसाज सुनुवारलाई लागूऔषध मुद्दामा पुर्पक्षका लागि थुनामा पठाइएको थियो । उनको आइतबार बिहान निधन भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । कारागारका अनुसार आइतबार बिहान ८ बजे सुनुवारलाई असहज भएपछि जलेश्वर अस्पताल लगिएको थियो । उपचारकै क्रममा उनको ज्यान गएको जलेश्वर कारागार महोत्तरीका प्रवक्ता रविनचन्द्र ठाकुरले जानकारी दिए । सुनुवार को मृत्युको कारण हृदयघात भएको जलेश्वर अस्पतालले जनाएको छ

सुनुवारको शव अहिले प्रादेशिक अस्पताल जलेश्वरमा रहेको छ । पोस्टमोर्टमपछि उनको शव परिवारलाई जिम्मा लगाइने जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी सन्तु जैसवारले बताए ।

**छोरा छोरीमा भेदभाव नगरौं ।**
**छोरीलाई पनि छोरा सरह उच्च शिक्षा दिऔं ।**

## अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा अपांगता भएका बालबालिकाको संख्या बढी

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, जनकपुरधाम**

मधेश प्रदेशका जिल्लाहरूमा अन्य प्रदेशका तुलनामा अपांगता बालबालिकाको संख्या अधिक भएकाले उनीहरूको शिक्षा तथा स्वास्थ्यमा विशेष ध्यान दिनु पर्ने आवश्यकतामा जोड दिइएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा आज जनकपुरधाममा सम्पन्न भएको प्रदेश स्तरीय छलफल कार्यक्रममा मधेश प्रदेशका जिल्लाहरूमा बालबालिकाको



कूल जनसंख्यामा १५.२ प्रतिशत अपाङ्ग बालबालिका रहेकाले उनीहरूको शिक्षा तथा अन्य सामाजिक सेवाको क्षेत्रमा विशेष ध्यान दिनु पर्ने आवश्यकतामा जोड दिइएको हो । राष्ट्रिय स्तरमा १.२३ प्रतिशत अपाङ्ग बालबालिकाको संख्या

*बाँकी पृष्ठ २ मा*

## शिक्षा मन्त्री शर्माले प्रतिकात्मक रुपमा आफ्नो पद एक छात्रालाई हस्तान्तरण गर्दा

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, जनकपुरधाम**

मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्माले प्रतिकात्मक रुपमा आफ्नो पद एक छात्रालाई हस्तान्तरण गर्नुभएको छ । छात्रा तथा दलित समुदायका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले मन्त्री तिवारीले कक्षा ११ मा पढ्ने एक छात्रालाई प्रतिकात्मक रुपमा आज आफ्नो पद हस्तान्तरण गर्नुभएको हो ।

मधेश प्रदेशमा दलित तथा मुस्लिम वर्गका महिलाहरूको शैक्षिक अवस्था सुधारका लागि





अन्तर्राष्ट्रिय किशोरी दिवसको अवसर पारेर प्लान ईन्टर नेशनलको सहयोग तथा सामुदायिक परिवार कल्याण संघको आयोजनामा विश्व व्यापी अभियान अन्तर्गत धनुषाको विदेह नगरपालिका वडा नं ३ का कक्षा ११ मा पढ्ने

*बाँकी पृष्ठ २ मा*


# शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,



- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ्ग कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प




- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ्ग बोर्ड
- ✓ स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# शिक्षा मन्त्री शर्माले प्रतिकात्मक रुपमा ...




दलित छात्रा चाँदनी पासवानलाई एक दिनका लागि शिक्षामन्त्री तिवारीले पद तथा कुर्सी हस्तान्तरण गर्नु भएको हो ।

प्लान ईन्टरनेशनलले विश्वका ७५ वटा मुलुकमा किशोरी हरूको मनोबल बढाउन तथा मुलुकको हरेक क्षेत्रमा समान सहभागिता गराउने अभियान अन्तर्गत उच्च ओहदामा भएकाहरूको पद हस्तान्तरण गराउने अभियान चलाई रहेको प्लानका क्षेत्रिय प्रबन्धक र विशंकर पण्डितले जानकारी दिनु भएको छ । यसले किशोरीको मनोबल बढ्नुका साथै किशोरी प्रतिको सामाजिक विभेदमा पनि कमी आउने विश्वास प्रबन्धक पण्डितको रहेको छ ।

एक दिनका लागि प्रतिकात्मक रुपमा मन्त्री बनेकी छात्रा चाँदनी पासवानले आफूलाई मन्त्री जस्तो गरिमामय पद हस्तान्तरण गर्नु भएका मन्त्री तिवारीलाई धन्यवाद दिँदै मधेशमा शिक्षकको अभाव, गुणस्तरीय शिक्षा, छात्रा मैत्री शौचालय, छात्रा समान खेलको अवसर जस्ता विषयमा ध्यानाकर्षण गर्नु भएको थियो । कार्यक्रममा बोल्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले मधेश प्रदेश सरकार ले किशोरी शिक्षा तथा सशक्तीकरणका लागि विभिन्न अभियानहरू चलाएको बताउँदै अहिले सामुदायिक विद्यालयहरूमा छात्रको तुलनामा १५ देखि २५ प्रतिशतले छात्राहरू बढी पढेकाले विद्यालयको शैक्षिक गुणस्तरका लागि शिक्षकको अभाव पूर्तिमा प्रदेश सरकार गंभिर रहेको बताउनु भयो ।

उहाँले शिक्षक तथा विद्यार्थीको अनुपातलाई सन्तुलित बनाउनका लागि प्रदेश सरकार ले स्वयंसेवक शिक्षक राख्ने गरि थोरै बजेट विनियोजन गरेको र त्यसमा सघाउनका लागि दातृ निकायहरूको पटक पटक ध्यानाकर्षण गर्दै आएको बताउनु भयो ।

शिक्षामन्त्री तिवारीले किशोर िहरूलाई उच्च शिक्षा हाँसिल गर्नका लागि छात्रवृत्ति, अपाङ्गमैत्री शौचालय, प्राविधिक शिक्षामा जोड दिँदै खुल्ला पार्क, विज्ञान पार्क तथा एक निर्वाचन क्षेत्र एक नमूना विद्यालय कार्यक्रम ल्याएको बताउनु भयो ।

# अन्य प्रदेशको तुलनामा मधेश....

भएको र मधेशमा बढी रहेको परिषद्का प्रशासन महाशाखाका प्रमुख एवं सूचना अधिकारी राम बहादुर चन्दले जानकारी दिँदै उनीहरूको स्वास्थ्य शिक्षा तथा सिप एवं रोजगारीमा विशेष ध्यान दिनु पर्ने आवश्यकतामा जोड दिनु भयो । साथै अपाङ्गता हुन नदिनका लागि गर्भवती महिलाको विशेष स्वास्थ्य जाँच सहितको उपायहरू अबलम्बन हुनु पर्ने आवश्यकतामा चन्दले प्रस्तुत गर्नु भएको कार्यपत्रमा उल्लेख रहेको छ ।

सो अवसरमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमीका प्रतिनिधि दिपक माझीले कार्यपत्र प्रस्तुत गर्दै गर्भमा नै शिशु राम्रोसँग पहिचान गरेर शिशुको सुरक्षाका लागि कदम चालेको खण्डमा बढ्दो अपाङ्गता भएको शिशुको संख्यामा कमी ल्याउन सकिने बताउनु भयो । कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद्का मधेश प्रदेशका बालअधिकारी सञ्जीव महतोले खास गरेर अपाङ्ग बालबालिकाको स्वास्थ्य तथा शिक्षामा सम्बन्धित निकायको ध्यानाकर्षण गर्न कार्यक्रमको आयोजना गरेको जानकारी दिँदै तीनै तहका सरकारले यसमा विशेष ध्यान दिन जरुरी रहेको बताउनु भयो ।

जनकपुरधाम उपमहानगर पालिकाका उपप्रमुख किशोरी साहले अपाङ्गहरूको स्वास्थ्य तथा शिक्षामा विशेष ध्यान दिनका लागि उपमहानगरपालिकाले काम गरेको बताउँदै अपाङ्गको वर्गीकरण गरेर सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र दिने गरेको बताउनु भयो ।

मधेश प्रदेशका नीति तथा योजना आयोगका सदस्य डा. शिला मिश्रले मधेश प्रदेश सरकारले अपाङ्गमैत्री संरचनाको निर्माणका साथै फरक क्षमता भएकाहरूको लागि विभिन्न प्रकारको सामाजिक सुरक्षाको कार्यक्रम गरेको बताउनुभयो । कार्यक्रममा विभिन्न पालिकाका सामाजिक सुरक्षा शाखाका प्रमुखहरू, अपाङ्गहरूको लागि काम गर्ने संघ संस्थाका प्रतिनिधिहरू, मधेश प्रदेशका गाउँपालिका संघका अध्यक्ष जवाहरलाल यादव, विभिन्न पालिकाका उपप्रमुखहरू सहभागी भएर आ-आफ्नो विचार राख्नु भएको थियो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# रवि लामिछानेमाथि २७ करोडको सम्पत्ति शुद्धीकरणको अभियोग, तीन मुद्दामा १० वर्ष जेल सजाय माग

**खबर दर्पण समाचारदाता**

**पुस ७ गते, बर्दिवास**

पोखरास्थित सूर्यदर्शन सहकारीको रकम अपचलनको आरोप लागेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेमाथि २७ करोड ८९ लाखको सम्पत्ति शुद्धीकरणको अभियोग दर्ता भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले सो रकम लामिछानेले गैरकानुनी रूपमा आर्जन गरेको आरोपमा आइतबार कास्की जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरेको हो ।

अभियोग पत्रमा देवानी दायित्वअन्तर्गत लामिछानेपत्नी निकिता पौडेलको समेत सम्पत्ति जफत गर्न माग गरिएको छ । रवि लामिछानेका हकमा सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद, सङ्गठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिवाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। सबै गरी जेल सजाय मात्र करिब १० वर्ष बढी माग गरिएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीकी सहायक जिल्ला न्यायाधीवक्ता एवं सूचना अधिकारी शान्तिदेवी शर्माले आइतबार ३१ जनालाई प्रतिवादी, आठ वटा कम्पनी र पाँच व्यक्तिविरुद्ध सम्पत्ति जफतको मागसहित कुल ४४ जनाविरुद्ध पूरक अभियोग पत्र दर्ता गरेको हो ।

यसअघिका १९ जना गरी अदालतमा अभियोग दर्ता हुनेको सङ्ख्या ६३ पुगेको छ । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा रविविरुद्ध सम्पत्ति शुद्धीकरणसहित अरू २ वटा कसुरमा मुद्दा दर्ता भएको छ । लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्णबहादुर गुरूङविरूद्ध पनि सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो । ५ जनाको सम्पत्ति जफत गर्नुपर्ने सरकारी वकिलको कार्यालयको राय छ ।

जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गत वर्ष मुद्दा दायर भएका १९ जनाविरुद्ध कसुर र बिगो थप गर्दै पूरक अभियोग पत्र शुक्रबार नै अदालतमा दर्ता गरिसकेको छ ।

सहकारी ठगीका मुख्य योजनाकार जीवी राईलाई सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन विरूद्धको कसूरमा मुद्दा चलाइएको छ ।







## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**मटिहानी नगरपालिका, महोत्तरी**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनकपुर बोल्ट्सको जितमा जनकपुरधाममा उत्सव



**खबर दर्पण समाचारदाता**
**पुस ७ गते, जनकपुरधाम**

नेपाल प्रिमियर लिग (एनपीएल) खेलको उपाधि जनकपुर बोल्ट्सले पाएपछि उत्सवमय माहोल बनेको छ।

शनिबार सम्पन्न एनपीएलको विजेताको उपाधि जनकपुर बोल्ट्सले हाँसिल गरेपछि जनकपुरधाम लगायत मधेशका जिल्लामा उत्सवमय माहोल बनेको हो। एनपीएलको फाइनल खेलमा जनकपुरले सुदूरपश्चित रोयल्सलाई पराजित गर्दै ऐतिहासिक जित दर्ता गरेको हो। जितको अवसरमा शनिबार साँझ नै जनकपुरधामका चोक चौराहामा पटका पड्काएर तथा घर आँगनमा दियो बालेर दिपावली मनाइएको थियो। जनकपुरधामका नागरिक जितलाई आफ्नो गौरवको रूपमा लिएका छन्। 'यो जित हाम्रो टिमको मात्र नभई सम्पूर्ण मधेशको जित हो,' सामाजिक अभियन्ता सरोज मिश्रले भन्नुभयो।

जनकपुरको विजयले मधेशमा खेलकुदको महत्त्व बढाउँदै स्थानीय प्रतिभालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अघि बढ्न प्रेरणा दिने अपेक्षा समेत गरिएको छ।

उच्च आत्मबल र सशक्त रणनीतिका साथ जनकपुर बोल्ट्सलाई विजयी लक्ष्यमा पुर्याउने सबै खेलाडी, खेल अधिकारी तथा टोलीसम्बद्ध सबैलाई बधाई दिनुहुँदै मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीशकुमार सिंहले भन्नुभयो, 'यो निर्णायक प्रतिस्पर्धामा जनकपुरका खेलाडीको उत्साह, ऊर्जा र मनोबल बढाउन र असंख्य पक्षधर दर्शकको उमंगका साथ दिन उपत्यकास्थित खेलमैदानमा पुगेको थिएँ। दर्शकदीर्घामा बसेर जनकपुर र सुदूरपश्चिमको रोमाञ्चक तथा कौतुहलपूर्ण खेलको आनन्दानुभूति गर्ने जनकपुरका शुभेच्छुक माझमा बस्नुको आनन्द नै फरक र विशिष्ट थियो।'

मुख्यमन्त्री सिंहले क्रिकेटलगायत सबै खेलमा योग्य, सक्षम र प्रतिस्पर्धी खेलाडी उत्पादन गरेको यस प्रदेशको खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहने बताउनुभयो।

# जलेश्वर उद्योग वाणिज्य संघमा शिवचन्द्र चौधरी अध्यक्षमा विजयी



**धर्वेन्द्र कुमार यादव यदुवंशी**
**पुस ७ गते, महोत्तरी**

जलेश्वर उद्योग वाणिज्य संघको शनिवार सम्पन्न मतदानमा शिवचन्द्र चौधरी प्यानल विजयी भएको छ। ८६५ सदस्य रहेको संघमा शनिवार ७९९ मतदाताले मतदान गरेकोमा सोहि राती देखि मतगणना सुरु भएकोमा आईतवार साझ आएको अन्तिम नतिजा अनुसार चौधरी ४१९ मत प्राप्त गरि विजयी भएका हुन।

उनका निकटतम प्रतिद्वन्दी संतोष कुमार साहले ३५८ मत प्राप्त गरेका छन। चौधरी प्रतिद्वन्दी भन्दा ६१ मत बढी ल्याई विजयी भएका हुन। यता प्रथम उपाध्यक्षमा राम एकवाल साहले ४५६ मत ल्याई चौधरीकै प्यानलबाट जित हात पारेका छन। उनका निकटतम प्रतिद्वन्दी अजित कुमार चौधरीले २९८ मत प्राप्त गरेका हुन। त्यसतै महासचिवमा राजकुमार पुर्वे(राजु)ले ३२१ मत प्राप्त गरि नयाँ कार्यकाल चलाउने अवसर पाएका छन।

महासचिव पदमै स्वतन्त्र उम्मेदवार राकेश कुमार साहले २३२ मत प्राप्त गरेका हुन भने अर्का प्रतिद्वन्दी छेदी चौधरीले १८५ मत प्राप्त गरेका छन। यता कोषाध्यक्षमा भने संतोष साह प्यानलका नारायण कुमार गुप्ता विजय भएका छन। उनले ४११ मत प्राप्त गरेका छन। उनकै निकटतम प्रतिद्वन्दी शिवचन्द्र चौधरी प्यानलका रंजित कुमार चौधरीले ३३३ मत प्राप्त गरेका छन। यता सचिवमा चन्दन कुमार साह(गोनु महाजन)ले ३८५ मत ल्याई विजयी हुने मौका पाएका छन। उनका निकटतम प्रतिद्वन्दी चन्दन कुमार साह(शिवजी लज)ले ३५७ मत पाए।

त्यसतै सदस्यहरुमा संजय कुमार गुप्ता(संजु) ४२३ मत,अनिल कुमार साह सोनार ३९६ मत,रमन कुमार चौधरी ४५७ मत,मुकेश कुमार साह ३७६ मत,मनिभुषण ठाकुर ३७५ मत,ओम प्रकास साह ३१८ मत,रोशन महासेठ ३९६ मत,रुपेश कुमार साह ३३९ मत र सरोज कुमार साह ३२८ मत ल्याई विजयी भएका छन भने महिला सदस्यमा कमला देवी कोईराला ३३३ मत ल्याई विजयी भएकि हुन।





## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही नगरपालिका, महोत्तरी**

**शुभ स्वस्तिक हस्पिटल प्रा. लि.**
**बर्दिवास मेडिकल हल**
**स्वस्तीक मेडिको प्रा. लि.**
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६
**बर्दिवासमा पहिलो CT SCAN सेवा**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,